# एकीकृत विकास समाज

अमरगढी-५ बागबजार, डडेल्धुरा

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## २०७९

INTEGRATED DEVELOPMENT SOCIETY

2060

IDeS

Dadeldhura, Nepal

विषय सूचि


१ प्रस्तावना ..... 2

२ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निर्देशिका ..... 4

३. नितिको औचित्य : ..... 4

४. नितिको उद्देश्य : ..... 5

५. परिभाषा : ..... 5

६. कार्यान्वयन : ..... 6

७. संरचनाको तह ..... 7

८. कार्यसमितीको गठन ..... 7

९. कर्मचारी छनौट : ..... 8

१०. परियोजना तथा कृयाकलापको तह ..... 8

११. अन्य व्यवस्थापन: ..... 9

१२. भौतिक संरचना ..... 9

१३. जेसि फोकल व्यक्ति ..... 9

१४. नितिको कार्यान्वयन क्षेत्र ..... 10

१५. पारदर्शिता र जवाफदेहिता ..... 10

## १.प्रस्तावना

एकीकृत विकास समाज डडेल्धुरा जिल्लामा वैधानिक दर्ता भएको गैरसरकारी सामाजिक संस्था हो । शिक्षा, स्वास्थ्य, सशक्तीकरण, जिविकोपार्जन तथा रोजगार र पुनर्स्थापनालगायतका हक अधिकारकालागि वकालत गर्ने उद्देश्यले २०६० माघ १ मा डडेल्धुरा जिल्ला प्रशासन कार्यालयमा दर्ता भई निरन्तर आफ्ना निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्न क्रियाशिल एकीकृत विकास समाजले सामाजिक संस्थाले निर्वाह गर्नुपर्ने भूमिकाका सवालमा सुदूरपश्चिम प्रदेशकै अग्रणी गैरसरकारी संस्थाका रुपमा स्थापित गरेको छ । संस्थाले सुदूरपश्चिम प्रदेशका डडेल्धुरा, डोटी, कैलाली र बैतडी जिल्लामा विभिन्न साझेदार निकायहरुसँग सहकार्य गरेर विविध कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन गरेको छ । हाल यस एकिकृत विकास समाज (IDeS) ले सुदुरपश्चिम प्रदेशका नौ वटै जिल्लामा आफनो कार्यक्रम प्रस्तावना तयार गरेर दातृ तथा साझेदार निकायहरुमा पेश गरिरहेको भएता पनि हाल डडेल्धुरा र बैतडी जिल्लाका विभिन्न समुदायमा दलित, हलिया, अपांगता, बालवालिका, एकल महिला तथा पछाडी पारिएका समुदायका लागि आयआर्जन, दिगो जिविकोपार्जन तथा पैरवीको क्षेत्रमा कामगर्दै आएको छ । समुदायमा केही यस्ता मानिस छन जो कडा परिश्रम गर्छन, तर उनीहरुप्रति गर्ने व्यवहार सम्मानजनक छैन । विशेष गरेर सिमान्तकृत तथा अवशरविमुख समुदायको मानव अधिकार हनन भइरहेको छ । अवशरहरुको समानुपातिक वितरण हुन नसक्दा पहुंचमा भएका व्यक्तिहरुले मात्र सम्पुर्ण स्रोतलाई उपयोग गरिरहेको छन । यसर्थ भुमिहीन, महिला, दलित हलिया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, समानता तथा न्यायका लागि सम्वन्धित निकाय जवाफदेही हुन सकेको छैन ।

एकिकृत विकास समाजले समुदायको आवाजलाई बुलन्द गर्ने, लक्षित समुदायलाई संगठित र सशक्त वनाएर **आत्मनिर्भर र सशक्त समाजको सिर्जना** गर्ने ध्यय राखेको छ । परम्परागत मुल्य मान्यता, व्यवहार, धारणालाई परिवर्तनगर्दै न्यायपुर्ण समाजको स्थापना गर्नका लागि संस्था प्रेरित छ । एउटा संस्थाको लागि आवश्यक विधि विधान, नीति, निर्देशिका, कार्यविधी र नियमावली महत्वपूर्ण अंग हुनुको साथै यसले संस्थाको कार्यक्षमता तथा दक्षतामा विशेष योगदान पुर्‍याउने र संस्थाको दैनिक कृयाकलाप तथा कार्यक्रमहरु सुचारु ढंगबाट सम्पादन गर्न तथा आशातित उपलब्धिहरु प्राप्त गर्नमा समेत अहम् भूमिका निर्वाह गर्ने भएकोले एकिकृत विकास समाजले अझ बढी जागरुकताका साथ काम गर्न तथा यस संस्थाको कमी कमजोरीलाई पहिचान गरी यस्ता तत्वहरुलाई हटाई एक आदर्श संस्थाको रुपमा परिमार्जित गर्न एकिकृत विकास समाजले सधारण सभा र कार्यकारणी समितिको अधिकार प्रयोग गरी संस्थाका लागि आवश्यक कानून तर्जुमा गरेर कार्यान्वयन गरिरहेको छ । नेपाल एक बहजातीय, बहभाषिक, बहुधार्मिक एवम वहुसांस्कृतिक देश हो । प्रत्येक समदाय, जातजातीहरुको समानुपातिक , सन्तुलित र न्यायसंगत प्रगति हन सकेमा मलकमा दिगो शान्ति र उन्नती प्रत्याभुत हन्छ । सामाजिक न्यायको दृष्टिले न्यायोचितता भन्नाले सकारात्मक विभेद गर्ने व्यवहारलाई जनाउँछ । अर्को अर्थमा भन्नुपर्दा विकास प्रक्रियाले जसलाई सवैभन्दा असर पुर्‍याउँछ, उसैको निर्णय गर्ने प्रक्रियामा पहुँच तथा नियन्त्रण भयो भने त्यसलाई सामाजिक न्याय भन्न सकिन्छ । आर्थिक, सामाजिक र राजनीतिक जीवनका विविध क्षेत्रमा सवै समुदायका लागि न्यायोचित, निष्पक्ष र समान अवसर उपलब्ध गराउनुलाई क्षमता भनिन्छ ।



CamScanner

सामाजिक, आर्थिक, सांस्कृतिक, भाषित तथा भौगोलिक रूपमा समान रूपले सबै क्षेत्रको सन्तुलित विकास गर्नु नै विकासमा समता हो । क्षेत्रीयता र राजनीतिक, आर्थिक तथा सामाजिक पहुँचका आधारमा विकासलाई प्रभाव पार्ने र माथिल्लो वर्गको हितानुकूल राष्ट्रिय साधनलाई प्रयोग गर्ने गरिन्छ । यस्ता राष्ट्रिय साधनहरूलाई गरिब, उत्पीडित तथा पछाडी परेका वर्ग समुदायलाई बिना भेदभाव विकास प्रक्रियामा सामेल गर्दै विकासको प्रतिफलमा उनीहरूको समान पहुँचको अवस्थाको सिर्जना गर्नु वास्तवमा न्यायोचित विकास हो । न्यायोचित विकास भन्नाले विकास प्रक्रियामा क्षेत्रीयता, जातीयता, भाषिक तथा अन्य पूर्वाग्रहहरूलाई अलग गराई सबैको सम्मानजनक उपस्थितिलाई जनाउँछ । समानता भन्नाले मानिसहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति, राजनीतिक आस्था वा यस्तै आधारमा हुने भेदभावरहित अवस्थालाई जनाउँदछ। समानताका अवधारणा मानवीय मूल्य, मान्यता, मर्यादा र प्रतिष्ठाका आधारमा सबै व्यक्तिहरू अन्ततः समान छन भन्ने तथ्यपरक मान्यतामा आधारित छ। 'लैंगिक समानता' भन्नाले पुरुष र नारीलाई अवसर, जिम्मेवारी, अधिकार, सेवा, लाभ, स्रोत-साधन आदिमा समन अवसर पहुँच र नियन्त्रण कायम राख्नु हो। माहिला र पुरुषले आफ्नो व्यक्तिगत विकास र छनोट गर्न समान र स्वतन्त्र छ भन्ने मान्यता नै लैंगिक समानता हो । लैंगिक समानता ल्याउनको लागि विशेष अभियानहरूको सन्चालन गर्दै त्यस स्वन्धमा देखापरेका चुनौतिहरुसग जुदै जानु पर्दछ । नीतिनिर्माणका उच्च तहमा महिलाहरू पुग्नु पर्दछ अनिमात्र लैगिक समानताले खड्किलो चढ्छ। यसलाई सामाजिक न्याय प्रर्वद्धन गर्ने महत्वपूर्ण औजारको रूपमा लिन सकिन्छ ।

सामाज विकासका क्रममा हरेक समाजले महिला र पुरुषको लागि वेग्ला वेग्लै मूल्य मान्यता, भूमिका, उत्तरदायित्व र विशेषता तोकिदिएको हुन्छ । भर्खरै जन्मेको शिशुलाई उसको लिङ्गको आधारमा पुरुष र महिलामा परिवर्तन गर्न सामाजिक र संस्कृतिक प्रक्रिया शुरु हुन्छ, त्यो नै सामजिकीकरण हो । सामाजिकीकरण जस्तो समाज छ, त्यसैले चाहे अनुसारको हुन्छ । सामाजिकीकरण स्वभाविक प्रक्रिया हो, किनकी प्रत्येक समाजमा त्यहाँ स्थापित चाल चलन रितिरिवाजलाई स्वभावैले अनुसरण गरिन्छ तर सवाल के हो भने त्यो समाज कति सभ्य छ ? त्यहाँ विभेदहरु छन कि छैनन्, ? त्यसका मूल्य मान्यता न्यायसंगत छन वा छैनन्, ? त्यसले नै सामाजिक प्रक्रियामा प्रभाव पार्दछ । जस्तैः अत्यन्तै रुढीग्रस्त समाजमा जन्मेको वालकले पनि वाह्य प्रभाव प्राप्त गर्न सकेन भने त्यही समाज अनुकूल वन्न पुग्दछ तर जन्मदै उ रुढीवादी वनेर जन्मेको हुदैन । सामाजिकीकरण हुनु आफैमा नराम्रो होइन, तर गलत समाजमा रहेका गलत मान्यतालाई परिवर्तन गर्नु आजको आवश्यकता हो । एकीकृत विकास समाज लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षमा अनवरत प्रयासरत छ । यी पक्षहरुलाई अझ बढी प्रभावकारी एव पारदर्शी रुपमा सञ्चालन गर्न र संस्थाको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन यो नीति तर्जुमा गरेर कार्यान्वयनमा ल्याइएको छ । यो नीति साधारण सभाले अनुमोदन गरेको दिनदेखि पूर्णरुपले कार्यान्वयन गरिने छ र सोही मितिदेखि त्यसभन्दा पहिलेका सम्वन्धित सबै प्रावधानहरु स्वत : परिमार्जन भई यसैअनुसार सञ्चालन भएको मानिने छ। यो नीतिलाई कार्यान्वयन गराउने सम्पूर्ण जिम्मा एकिकृत विकास समाजको कार्यकारणी समितिमा रहने छ र लागू गर्दा कुनै पनि विवाद वा कठिनाई आइ परेमा सो को अन्तिम निर्णय दिने अधिकार एकिकृत विकास समाज, डडेल्धुरासंग रहने छ ।



CamScanner

## २.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निर्देशिका

नेपालको सन्दर्भमा लैङ्गिक असमानता तथा सामाजिक विभेदिकरणको सवाल तथा चसो व्यापक रहेको छ । यस पछिल्लो शताब्दीमा एसियाली मुलुकहरुले यस लैङ्गिक असमानताका सवालका विषयमा केहि उपलब्धी हासिल गरेको पाइछ । तर नेपालमा भने अपवादको रुपमा रहेको छ । पछिल्लो चरणमा भएका विभिन्न गतिविधीले यसको सम्वोधन गर्ने प्रयास गऱ्यो तर विभेद, लैङ्गिक समानता र सामाजिक न्यायले स्थान पाउन सकेको छैन । एकिकृत विकास समाज डडेल्धुराले महिला सशक्तिकरणका लागि भनेर विगत लामो समाय देखि विभिन्न क्षेत्रमा काम गर्दै आइरहेको छ, जस्तै : पेरवी, महिला अधिकारका लागि क्षमता अभिवृद्धि, नेतृत्व तहमा महिलाको पहुँच, महिलाको कार्यवोझ कम गर्न समुदायमा पारिवारिक सम्वाद महिला अधिकारका तथा हिंसाका घट्ना छलफलका लागि रिफलेक्ट कक्षा तथा सिमान्तकृत समुदायको अधिकार, समानता तथा न्यायका क्षेत्रमा । यी सवै क्षेत्रका कार्यक्रममा महिलाहरुको उत्तिकै समान सहभागिता रहेको छ भने कार्यक्रमको माध्यमबाट समाजमा भएको व्याप्त विभेदिकरणलाई अन्त्य गरी सामाजिक न्यायको लागि पनि उत्तिकै महत्वपूर्ण भुमिका निर्वाह गर्दै आइरहेको छ । अझै विभिन्न कार्यक्रम तथा परियोजना, नीति निर्धारण प्रक्रिया तथा संस्थागत नेतृत्व गर्न सक्ने क्षमता भएर पनि लैङ्गिक हिसावले मुलधारमा आउन सकेको पाइदैन । यसर्थ नेपाल सरकार लगायत विभिन्न दातृ निकायहरुले यस क्षेत्रको विकासका लागि रकम खर्च गरेपनि लैङ्गिक रुपले यसको न्याय हुन सकेको छैन । एकिकृत विकास समाजले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई संस्थागत गर्न र महिलाहरुलाई मुलधारमा ल्याउन "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०७९" कार्यान्वयन गर्नेछ ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको औचित्य :

नेपालको विद्यमान अवस्थामा महिलाहरुप्रतिको सम्मानजनक व्यवहार छैन । पछाडी पारिएका सिमान्तकृत, विपन्न, गरिव महिलाहरु जाति, वर्ग, तथा धर्मका आधारमा वञ्चितीमा परेका छन भने अपांगता भएका व्यक्तिहरुको कुनै पनि क्षेत्रमा समान सहभागिता भएको पाइदैन । अझै पनि महिलाहरु घरेलु हिंसा, वलात्कार, वेचविखनमा परिरहेका छन । पछिल्लो चरणमा केंहि मात्रामा महिलाहरुको सहभागितामा वृद्धि भए पनि नेतृत्व गर्ने स्थानसम्म पुग्न नसकेको तथ्याङ्कले देखाउँछ । एकिकृत विकास समाजले सुदुरपश्चिमं प्रदेशमा विभिन्न दातृ निकाय संगको साझेदारी र सहकार्यमा महिला सशक्तिकरणका कार्यक्रमहरु कार्यान्वयन गरिररहेको छ । केहि कार्यक्रम संस्थाको नेतृत्वमा सञ्चालन भईरहेका छन, यस संस्थाले महिलाहरुको हक, अधिकारका लागि स्थापनाकालदेखि नै आवाज उठाउँदै आइरहेको छ । घरेलु हिसां, वेचविखन तथा वलात्कारमा परेका महिलाहरुको अधिकार सुनिश्चिताका लागि विभिन्न खालका अभियान गर्दै संस्थागत रुपमा महिलाहरुको सहभागिता समान रुपले अगाडी बढाइरहेको छ । तथापी पनि पछाडी पारिएका सिमान्तकृत, विपन्न, गरिव महिलाहरु पुर्ण रुपले अधिकारबाट वञ्चित छन । यसर्थ एकिकृत विकास समाजले संस्थागत रुपमा महिला, दलित, सिमान्तकृत, अपाङ्ग, तेस्रोलिङ्गीहरुको समान सहभागिता जोड दिई सरोकावालाहरुको पहिचान गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई



CamScanner

बढावा गर्दै "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०७९" अनुरुप नयाँ अध्यायको शुरुवात गर्नेछ ।

## ४. नीतिको उद्देश्य :

यस नीतिको मुख्य उद्देश्य भनेको संस्थागत नीतिको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुरुप कार्यान्वयनमा निर्देशन प्रदान गर्ने र एकिकृत रुपबाट कार्यक्रम तथा परियोजनाको कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउने रहेको छ । "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०७९" का विशिष्ट उदेश्यहरु देहाय अनुसार छन ।

५.१ संस्थाले लैङ्गिक तथा सामाजिक समावेशिकरण नीतिलाई संस्थागत गरी समुदायमा कार्यान्वयन गर्ने ।

५.२. लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति कार्यान्वयन गर्न सशक्तीकरण गर्ने ।

५.३. लैङ्गिक तथा सामाजिक समावेशिकरण नीतिको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुलाई आवश्यक ज्ञान प्रदानगरी मार्ग निर्देशन गर्ने ।

## ५. परिभाषा :

क.संस्था : संस्था भन्नाले एकिकृत विकास समाजलाई बुझाउने छ ।

ख.पदाधिकारी : पदाधिकारी भन्नाले संस्थाको कार्यकारणी समितिका सबै पदाधिकारी र सदस्यलाई बुझाउने छ ।

ग. नीति : निति भन्नाले संस्थाको लैङ्गिक समानता तथा समावेशिकरण नीति २०७९ लाई जनाउनेछ ।

घ. GESI: Gender and social inclusion.

घ. लैङ्गिक : महिला, पुरुष र तेस्रो लिङ्गीलाई जनाउने छ ।

ङ. गरिब : आर्थिक रुपमा कम्जोर, पहुँचबाट बञ्चित समुदाय भन्ने बुझिने छ ।

च.पछाडी पारिएका समुदाय, वर्ग : पछाडी पारिएका समुदाय, वर्ग भन्नाले थारु, दलित, मुक्तकमैया, मुक्त हलिया, सिमान्तकृत महिला, आदिवासी जनजाति, लोपोन्मुख जाती, लैंगिक अल्पसंख्यक लगायतलाई जनाउने छ ।

छ. जोखिम :महिला, बालबालिका, अपाङ्ग, विपन्न, भौगोलिक विकटता रहेको समुदाय, वृद्धवृद्धा आदिलाई जोखिममा परेका समुहका रुपमा बुझिने छ ।

ज. समानता : सबै लिङ्ग, वर्गलाई समान अवसर र सहभागिता, व्यवहार, पहुच र नियन्त्रणलाई जनाउनेछ ।

झ. समता : समानताका लागी सकारात्मक विभेद, अवसर प्रदान गर्नुलाई समता भनिने छ ।



CamScanner

त. लक्षित वर्ग : लक्षित वर्ग भन्नाले महिला, युवा, किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता, तेस्रो लिङ्गी तथा बालबालिकालाई बुझाउने छ ।

त. सशक्तीकरण : पछाडी पारिएको वर्गलाई सामाजिक रुपमा सक्षम बनाउन ज्ञान, सिप, क्षमता विकास गर्न अवसर प्रदान गर्ने ।

थ. अवसर : सबै लिङ्ग तथा वर्गको व्यक्तिहरुलाई समान पहुँच र अवसर प्रदान गर्ने तथा सहभागिता र निर्णय प्रक्रियामा सहभागिता हुने ।

ड. क्षमता विकास : लक्षित समुदाय पछाडी पारिएको समुदाय वर्गलाई क्षमता विकास, सामाजिक, आर्थिक, राजनैतिक स्तरमा सशक्तीकरण गर्ने ।

ध. वन्चितिकरण : भन्नाले हक अधिकारबाट वञ्चित भएका, जोखीममा परेको र पछाडी पारिएको, सचेतना पुग्न नसकेको गरिब, सिमान्तकृत समुदायलाई जनाउँनेछ ।

ण. अपांगता : भन्नाले शारिरीक रुपमा दैनिक जिवन पद्दतिका कार्यहरु गर्न गाह्रो भएका व्यक्तीहरुलाई जनाउँनेछ ।

ट. हिंसां : कुनैपनि व्यक्तिको मान सम्मानमा शारिरीक, मानसिक रुपमा ठेस पुऱ्याएको अवस्थालाई जनाउने छ ।

ठ. उत्पीडन :संस्थाको क्षेत्र भित्र पुरुषले महिलालाई, महिलाले पुरुषलाई, महिलाले महिलालाई, पुरुषले पुरुषलाई र तेस्रो लिङ्गीलाई मानसिक तथा शारिरीक तनाव वा असहजताको परिस्थिति सृजना भएको अवस्थालाई जनाउने छ ।

## ६. कार्यान्वयन :

- संस्थाका मुल मान्यतालाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमुखी दृष्टिकोणबाट व्याख्या गर्दै त्यसलाई कार्यान्वयन गरिने छ ।
- लक्षित, पछाडी पारिएको समुदाय, वर्ग, व्यक्तिबिच सौहाद्रपुर्ण र सम्मानजनक कार्य सम्पादनको वातावरण सृजना गरिने छ ।
- कुनै पनि व्यक्तिलाई जात, धर्म, वर्गको आधारमा भेदभाव गरिने छैन ।
- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको नीतिको प्रभावकारी रुपमा कार्यान्वयनका लागि स्थानीय तह, दातृ निकाय तथा सरोकारवालाहरुसंग समन्वय गर्नेछ ।
- संस्थाले वार्षिक तथा त्रैमासिक रुपमा नियमित लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निर्देशिका, प्रतिवेदन तथा अवस्थाका बारेमा समिक्षा गर्नेछ ।



CamScanner

- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निर्देशिकामा आधारित भई फरमेट, फर्म तथा चेकलिष्टको संशोधन गर्नेछ ।

- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धि नीति, नियमन, कार्य तथा निर्देशिका र यस सम्वन्धि सबै प्रकारका सवालमाथि सहजीकरण गर्नेछ ।

- संस्थाले छोटो तथा लामो समयका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण योजना तयार गरी लागु गर्नेछ ।

- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको सुनिश्चिताका लागि स्थानीय तह र प्रदेश सरकारसंग रचनात्मक समन्वय गर्नेछ ।

- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धि तथ्याङ्क तथा जानकारी संकलन र अद्यावधिक गर्नेछ । आवश्यक परेमा त्यसप्रकारका तथ्य, तथ्यांक र जानकारीहरुलाई सार्वजनिक गर्न सक्ने छ ।

## ७. संरचनाको तह

एकिकृत विकास समाजको विधानअनुसार संस्थाको कार्यकारणी समितिले यो नीतिको प्रभावकारी कार्यान्वयन गर्नेछ । नीतिमा आवश्यक संसोधन र परिमार्जन गर्नुपरेमा संस्थाको सर्वोच्च निकाय सधारण सभाले यस सम्वन्धि कार्य गर्नेछ ।

**सदस्ता सम्वन्धि व्यवस्थापन ।**

- सबै समुदायका महिलाहरुलाई विना भेदभाव समावेश गरिने छ ।
- दलित, मुक्त कमैया, हलिया, सिमान्तकृत समुदायका महिलाहरुलाई साधारण शुल्क लिदाँ लचकता अपनाइने छ ।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुसार जातजाति, वर्ग तथा समुदाय आधारमा तालिम तथा गोष्ठी, भ्रमण आदिमा पठाउनलाई प्राथमिकता दिईने छ र थप अवसरहरुमा समान अवसर दिईने छ ।
- संस्थाका सबै तहका सदस्यता वितरण गरेर आगामी तीन वर्ष भित्रमा दलित, हलिय महिला, एकल अपाङ्गता, आदिवासीको उल्लेख्य सहभागिता गराइने छ ।

## ८. समावेशीकरण

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुसार जातजाति, वर्ग तथा समुदायका आधारमा सबै सदस्यहरुलाई तालिम तथा गोष्ठी, भ्रमण आदिमा समान अवसर प्रदान गरिने छ ।



CamScanner

## ९. कर्मचारी छनौट :

- हरेक पदको विज्ञापन गर्दा महिला, हलिया, दलित, एकल तथा जनजाती महिलाहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।
- महिला, हलिया, दलित एकल तथा जनजातीहरुलाई समावेशिताको आधारमा थप अंक प्रदान गर्ने व्यवस्था गरिने छ । (महिला ५, दलित ५, अपागं ५, थारु ५, अल्पसंख्यक ५, अपांगता भएका व्यक्ति ५, आदिवासी जनजाती ५) सरकारको प्रावधान अनुसार अंक प्रदान गर्ने व्यवस्था गरिने छ । माथीका सबै भएको खण्डमा १० अङ्क मात्र समता अनुरुप राखिने छ ।
- कर्मचारी छनौट समितिमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुसार ५ जनाको समिति गठन गरिने छ । (कार्यसमिति, निर्देशक, कार्यक्रम संयोजक, सम्वन्धित निकायको स्रोत व्यक्ति र जेसी फोकल व्यक्ति )
- कर्मचारीहरुको लागि विदा तथा सुविधाका लागि एकिकृत विकास समाजले अंग्रेजी नयाँ वर्षमा क्यालेन्डर प्रकाशित सोहि अनुसार उपलब्ध गराइने छ ।

## १०. परियोजना तथा कृयाकलापको तहः

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिअनुसार जातजाती, वर्ग तथा समुदायका आधारमा बञ्जितिकरणमा परेका महिला तथा पुरुषहरुलाई तालिम तथा गोष्ठी, भ्रमण आदिमा अवसर प्रदान गरिने छ ।
- संस्थामा गुनासो र सुझाव पेटिका राख्ने र महिनामा १ पटक खोली सुनुवाई गरिने छ ।
- परियोजनाको सुरु तथा अन्त्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुल्याकंन गरिनेछ ।
- हरेक वर्ष अंग्रेजी महिनाको डिसेम्वरभित्रै संस्थाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण गरिने छ ।
- कुनै पनि परियोजनामा प्रस्तावना पेश गर्दा समावेशिकरणको आधारमा उल्लेख गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अर्न्तगत छुट्याईएको तथ्याङ्कको आधारमा राखिने छ ।
- वन्ज्तिीकरणमा परेका समुदायहरुको समस्या तथा सवालमा आधारित रहेर कार्यक्रमको ढाँचा तयार गरिने छ ।
- कार्यक्रमको अनुगमन तथा मुल्याकंन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको आधारमा गरिने छ ।
- संस्थाको वार्षिक तथा त्रैमासिक उत्सव, वेभसाइट तथा ब्रोसरहरुमा महिला तथा अन्य सिमान्तकृत समुदायको सफलताका कथाहरु उल्लेख गरिने छ ।
- कुनै पनि व्यक्तिहरुको सफलताका कथा, फोटो, नाम आदी प्रकाशन एवं प्रसारण गर्दा सम्वन्धित व्यक्तिसंग लिखित रुपमा सहमति लिइने छ र बालवालिकाको फोटो, विचार, प्रकाशन गर्दा अभिभावकको सहमति लिएर मात्र प्रकाशन गरिने छ ।



CamScanner

- अपागंता भएका व्यक्तिहरुलाई प्राथमिकतामा राखि अवसर प्रदान गरिनेछ ।
- कार्यक्षेत्र छनोट गर्दा दलित, हलिया, एकल महिला वालवालिका तथा जनजाति र भौगोलिक रुपमा विकट क्षेत्रमा रहेकाहरुको समुदायलाई प्राथमिकता दिइनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुसार लगनशिल तथा इमान्दार कर्मचारी तथा कार्यसमिति सदस्यहरुलाई पशंसापत्र प्रदान गरिनेछ ।
- सुत्केरी महिला कर्मचारीहरुलाई ३ महिना सम्मको लागि विदा उपलब्ध गराइनेछ भने पुरुषको हकमा एक हप्ता सम्म लचकता अपनाइनेछ ।
- तालिम, गोष्ठि कार्यक्रम आयोजना गर्दा कामको सिजन, पाएक पर्ने ठाउँ समय आदि सबैलाई मध्यनजर गरी संचालन गर्ने ।
- ३ वर्ष मूनिका वच्चा भएका महिला सहभागीहरुलाई वच्चा हेर्ने हेरालुको व्यवस्था पनि गर्न व्यवस्थापन गरीने छ।
- एकिकृत विकास समाजले कुनै सानो अवधिका लागी श्रोत व्यक्ति छनोट गर्दा महिला, अपागंता भएको व्यक्तिलाई प्राथमिकतामा राखेता पनि गुणस्तरीय व्यक्तिको हकमा सेवाग्राहीहरुको गुणस्तरता लाई ध्यानमा राखी छनौट गरीने छ ।

## ११. अन्य व्यवस्थापन:

कार्यसमिति सदस्य, कर्मचारीहरुको दुर्व्यवहार, गुनासो सुनुवाई कार्यान्वयनको तहमा ल्याइने छ ।

## १२. भौतिक संरचना

- संस्थाको शौचालय निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा वालमैत्री वनाइने छ ।
- महिला कर्मचारीहरुका लागि शौचालयमा प्याड तथा डस्टवीनको व्यवस्था गरिने छ ।

## १३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण फोकल व्यक्ति

- संस्थाले अनिवार्य रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण फोकल व्यक्ति तोक्ने छ । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण फोकल व्यक्ति एक वर्षमा परिवर्तन गर्नेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण फोकल व्यक्तिलाई जेसी सम्वन्धि तालिम तथा गोष्ठीका लागी अवसर प्रदान गरिने छ ।
- संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको जिम्मेवारीसहित जे.डि प्रदान गर्ने छ ।
- संस्थाले कुनै प्रस्तावना तयार गरेर पेश गर्दा जेसी फोकल व्यक्तिलाई पनि राखिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको रिपोर्ट प्राप्त भईसकेपछि कार्यकारणी समिति र कर्मचारीहरु विच समिक्षा गरिने छ ।
- कुनै कर्मचारी वा कार्यसमिति बाह्य तालिम. गोष्ठीवाट फर्कदा प्रस्तुतीकरण गरिने छ ।



CamScanner

- जेसी फोकल व्यक्तिको नाम, ठेगाना, योग्यता, फोन नं, इमेल

**नाम :**

**ठेगाना :**

**शैक्षिक योग्यता :**

**मोबाइल नं :**

**इमेल :**

**मुख्य जिम्मेवारीहरु :**

## १४. नीतिको कार्यान्वयन क्षेत्र

यो नीति कार्यसमिति सदस्य, निर्देशक, कर्मचारी, सम्पुर्ण साधारण सदस्य तथा व्यवस्थापनका लागि बनाइएको समितिलाई लागु हुनेछ ।

## १५. पारदर्शिता र जवाफदेहिता :

यस निति संस्थाको पारर्दशिता र जवाफदेहिताको वातावरण श्रृजना गर्नका लागी लागु गरिनेछ । संस्थाले विगतका वर्ष देखि नै पारर्दशिता तथा जवाफदेहिताका लागि कार्य गर्दै आईरहेको छ यसर्थ यस नितिले संस्थामा पारर्दर्शिता तथा सुशासन कायम गरी लैङ्गिक समानता र न्याययोचित वातावरण निर्माणका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्नेछ । साथै यस नीतिले सार्वजनिक हितका लागी लैङ्गिक समावेशिकरणको दृष्टिकोणवाट एकीकृत विकास समाजलाई पारदर्शी एवं जवाफदेही बनाउन प्रभावकारी रुपमा समन्वयकारी भुमिका निर्वाह गर्न सहयोग गर्नेछ ।



CamScanner